का.जि.प्र.का.द.नं. १००/०५९/६०

३२ असार २०८२,
बुधबार
16 July, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १६४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# शहरी क्षेत्रमा बढ्दै बालश्रम

तस्बिर : निकिता त्रिपाठी/ह्युमन राइट्स वाच

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

बाल श्रमिकको संख्या घट्दै गएपनि शहरी क्षेत्रमा बढ्दै गएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय बालश्रम निवारण प्रतिवेदनमा शहरी क्षेत्रमा बाल श्रम बढेको तथ्याङ्क सार्वजनिक गरेको छ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०७४ को तथ्याङ्मा शहरी क्षेत्रमा ४३ लाख २१ हजार बालबालिकाको संख्या रहेकोमा ५ लाख २१ हजार बालबालिका बालश्रममा संलग्न रहेको देखिएको छ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०६४ मा शहरी क्षेत्रमा १० लाख २२ हजार बालबालिका मध्ये ९४ हजार बालबालिका बालश्रमको संलग्न रहेका थिए। प्रतिवेदनअनुसार ग्रामीण क्षेत्रमा भने बालश्रम घट्दै गएको छ।

तथ्याङ्मा ग्रामीण क्षेत्रमा बालबालिकाको संख्या २७ लाख ५४ हजार रहेकोमा ५ लाख ६१ हजार बालबालिका बालश्रमिकको रूपमा संलग्न रहेको देखिएको हो।

प्रतिवेदनअनुसार २०६४ मा शहरी क्षेत्रमा ९.१९ प्रतिशत बालश्रमिक थियो भने नेपाल श्रमशक्ति सर्वेक्षण २०७४अनुसार बालश्रमिकको दर बढेर १२.१ प्रतिशत पुगेको हो। यस्तै २०६४ मा ग्रामीण >>> पृष्ठ २ मा

# विद्याले बनाइन् छुट्टै 'मञ्च'



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटनको असंवैधानिक निर्णय सदर गरेको प्रशंगले आफूलाई सधैं पछ्याइरहने बताएकी छन्।

मदन भण्डारी फाउण्डेसनले मंगलबार गरेको पत्रकार सम्मेलनमा भण्डारीले वैधानिक व्यवस्था बमोजिम राष्ट्रपतिको हैसियतमा प्रतिनिधि सभा विघटनको निर्णय सदर गरेको बताइन्।

२ कार्यकाल राष्ट्रपति बनेर एमालेको सक्रिय राजनीतिमा फर्किएकी भण्डारीले आफ्नो कार्यकालमा भएको २ पटककै प्रतिनिधि सभा विघटनको निर्णय सदर गरेकी थिइन्।

सर्वोच्च अदालतको संवैधानिक इजलासले दुवैपटक भएको प्रतिनिधि सभा विघटनको निर्णय उल्ट्याइदिएको थियो। यो प्रशंग पत्रकारहरुले पूर्वराष्ट्रपति भण्डारी समक्ष राखेका थिए।

जवाफमा भण्डारीले संसद विघटनको निर्णय दबाबमा नभई संवैधानिक कानूनी व्यवस्था अनुसार नै गरेको बताइन्। २०१७ साल, २०५१ साल, २०५९ सालमा पनि संसद विघटन भएको स्मरण उनले गरिन्। यी सबै विघटनहरुको राजनीतिक पाटोका बारेमा आफू छलफल गर्न तयार रहेको बताएकी छन्।

पूर्वराष्ट्रपति भण्डारीकै उपस्थितिमा मदन भण्डारी फाउण्डेसनले हिरक जयन्ती मूल व्यवस्थापन समिति घोषणा गरेको छ। बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको >>> पृष्ठ २ मा

सक्रिय राजनीतिमा फर्किएकी विद्यादेवी भण्डारीले आगामी केन्द्रीय समिति बैठकबाटै आफ्नो भूमिकाको खोजी गर्ने सन्देश पनि दिएकी छन्।

# सत्तापक्षकै विमतिले विधेयक बन्धक

नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा समझदारी भए कुनै पनि विधेयक अगाडि बढाउन सरकारलाई संसदमा सहजै बहुमत पुग्छ। तर दुई दलका असहमतिले कैयन विधेयक संसद्मै बन्धक बन्न पुगेका छन्।

**मुलुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

सत्तापक्षकै असमझदारीले कानुन निर्माण प्रभावित भएको छ। खासगरी नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा सहमति नजुट्दा कतिपय विधेयक संसद्मै अड्किएका छन्।

यही असार २५ गते प्रतिनिधिसभाको कार्यसूचीमा 'भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक' अघि बढाउने विषय समावेश थियो। तर सत्तारुढ दलभित्रको असमझदारीले अन्तिम समयमा रोकियो। त्यसपछि बसेका प्रतिनिधि सभाको बैठकमा यो विषय कार्यसूचीमा आएन। अब प्रतिनिधि सभाको अर्को बैठक आगामी साउन ७ गते मात्रै बस्दैछ। साउन महिनाको संसदीय क्यालेन्डर आएको छैन।

प्रस्तावित विधेयक ऐनमा रुपान्तरित भएपछि तीन वटा ऐन (भूमि सम्बन्धी ऐन, २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन, २०७६) संशोधन हुनेछ। तर विधेयकका कतिपय प्रावधानलाई लिएर सत्तारुढ कांग्रेस, एमाले र जनता समाजवादी पार्टी नेपालका बीचमा असमझदारी रहेको छ।

कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा सदनबाट फास्ट ट्र्याकमा भूमि विधेयक पारित गर्ने विषयमा एमालेसँग असहमति रहेको बताउँछन्। विधेयकका कतिपय प्रावधान सच्याउनुपर्ने मागसहित आफूहरूका संशोधन रहेको र ती विषयमा कुनै पनि छलफल नगरी सदनबाटै विधेयक पारितको पक्षमा कांग्रेस नरहेको शर्माले बताए। उनकाअनुसार २५ असारमा विधेयक पारितको कार्यसूची रोकिएपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटेरै छलफल गरेका थिए।



संसदमा एकसाथ अगाडि बढेका विधेयक कुनै ऐनमा रुपान्तरित भइसक्ने कुनै संसद्मै अड्किने भइराखेको छ। अख्तियार विधेयक किन अगाडि बढिरहेको छैन ?

**दुर्गा राई**
**सांसद, माओवादी केन्द्र**

कांग्रेस र एमालेका बीचमा समझदारी जुट्न नसक्दा प्रभावित भएको अर्को विधेयक हो- अख्तियार दुरुपयोग अनुसन्धान आयोग संशोधन विधेयक। राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले २०८१ साल पुस ४ गते यो विधेयकको प्रतिवेदन मूल समितिमा बुझाएको थियो। योसँगै प्रतिवेदन पेस भएको भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक पारित र प्रमाणीकरण भएर ऐन बनिसक्यो। तर भ्रष्टाचारसम्बन्धी विधेयक समितिमै छ।

मंगलबार प्रतिनिधि सभाको बैठकमा बोल्दै नेकपा माओवादी केन्द्रकी सांसद दुर्गा राईले संसदीय समितिमा विधेयक बन्धक बनेको भनेर सरकारको ध्यानाकर्षण गराएकी थिइन्। >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# 'जान'को भाषा परीक्षा सञ्चालन गर्ने श्रममन्त्रीको निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगारीका लागि जापान जाने प्रशिक्षार्थी कामदारको भाषा परीक्षा गर्ने निर्णय गरेको छ। सोमबार मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयले जापानी भाषा परीक्षा सञ्चालन गर्न नेपाल जाइका अल्मुनाई एसोसिएसन 'जान'लाई पत्र पठाएको छ। नेपाली कामदारको भिसा आएपछि भाषा परीक्षा सञ्चालन गर्नु गैरकानुनी भन्दै परेको रिटमा सर्वोच्च अदालतले अन्तरकालीन आदेश जारी नगरेपछि मन्त्रालयले 'जान'लाई अर्को व्यवस्था नभएसम्म भाषा परीक्षा सञ्चालन गर्न पत्र पठाएको हो। >>> पृष्ठ २ मा

## वैदेशिक रोजगारीको नाममा झन्डै पौने २ करोड ठग्ने ४ पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीको नाममा ठूलो रकम ठगी गरेको आरोपमा प्रहरीले ४ जनालाई पक्राउ गरेको छ। क्यानडा, मलेसिया, कतार र क्रोएसियालगायतका मुलुकमा आकर्षक तलबको रोजगारीमा पठाउने प्रलोभन दिएर युवाहरूबाट करिब पौने २ करोड रुपैयाँ ठगी गरेको जाहेरी परेको प्रहरीले बताएको छ।

प्रहरीले क्यानडा पठाइदिन्छु भन्दै १० जनाबाट एक करोड ३४ लाख रुपैयाँ ठगी गरेको आरोपमा ललितपुर महानगरपालिका-३ का ४४ वर्षीय >>> पृष्ठ २ मा




**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको वार्षिक साधारणसभा स्थगित भएको सूचना**

यस मञ्चको मिति २०८२ असार २७ गते शुक्रबार बसेको कार्यसमितिको बैठकको निर्णयानुसार मिति २०८२।०४।२ गते वार्षिक साधारणसभा हुने गरी सम्पूर्ण सदस्य महानुभावहरुलाई उपस्थितिका लागि 'मध्यान्ह' राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएकोमा विशेष कारणले वार्षिक साधारण सभा अर्को सूचना प्रकाशित नभएसम्मको लागि हाललाई स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। यसै सन्दर्भमा, अधिवेशनको तयारी र प्रतिनिधिहरूको व्यवस्थापन प्रक्रिया यथावतरूपमा जारी रहेको पनि जानकारी गराउँन चाहन्छौं।

यो स्थगनले सदस्यज्यूहरुमा पर्न गएको असुविधाप्रति मञ्च क्षमाप्रार्थी छ।

जनक रावल
अध्यक्ष

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
सुकेधारा, काठमाडौं

मध्यान्ह
www.madhyanhadaily.com
३२ असार २०८२ बुधबार
16 July 2025, Wedneday

# कोराला नाका पूर्ण सञ्चालनमा ल्याइने



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक संरचना र पूर्वाधार निर्माणसहित मुस्ताङको कोराला नाका पूर्ण सञ्चालनको तयारी भइरहेको बताएका छन्।

मुस्ताङबाट प्रतिनिधित्व गर्ने संघीय सांसदसहित स्थानीय तहका जनप्रतिनिधिहरूसँग सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री ओलीले सो जानकारी दिएका हुन्।

यही असार २४ गते गोसाइँकुण्ड गाउँपालिका-२ मा आकस्मिक बाढीका कारण नेपाल-चीन जोड्ने नाका रसुवागढीस्थित भोटेकोशी नदीको मितेरी पुल बगाइ आवागमन बन्द भएकै दिन प्रधानमन्त्री ओलीले सो क्षेत्रको स्थलगत भ्रमण गरी वैकल्पिक मार्ग र नाका पूर्ण सञ्चालनका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएका थिए।

प्रधानमन्त्री ओलीले आफूले बेनीघाट-कोराला बाटो निर्माण सुरु गरेको, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई मुक्तिनाथको भ्रमण गराएको, मुक्तिनाथ केबलकार सञ्चालनका लागि प्रक्रिया अघि बढाएको, स्याउको सुपर जोन निर्माण र च्याङ्ग्रापालन आदि काममा प्राथमिकता दिएको पनि स्मरण गराए।

प्रधानमन्त्री ओलीसँग प्रतिनिधिमण्डलले मुस्ताङको माथिल्लो भेगका लोमान्थाङ र लो-घेकार दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा सरकारले निषेधित क्षेत्र घोषणा गरी प्रतिविदेशी पर्यटक ५०० अमेरिकी डलर शुल्क उठाउँदा पर्यटकहरूमा कमी आएकाले पर्यटन रोयल्टीबारे पुनःविचार गर्न माग गरेको थियो।

साथै कालीगण्डकी करिडोरको कागबेनी-कोरला सडकखण्डमा कालोपत्र गर्न र आवश्यक संरचना निर्माण गरी कोरनानाका पूर्ण रूपमा सञ्चालनमा ल्याउन माग गरिएको थियो। कोराला नाकामा भन्सार, अध्यागमन, एकीकृत सुरक्षा पोष्ट, सुक्खा बन्दरगाहलगायत व्यापारिक प्रतिष्ठानका भौतिक निर्माण आवश्यक रहेको विषयमा ध्यानाकर्षण गराइएको छ। सडक र नाका पूर्ण सञ्चालन नहुँदा तथा निषेधित क्षेत्रको कार्यान्वयनका कारण माथिल्लो मुस्ताङका होटल तथा स्थानीय व्यवसायी घाटामा रहन बाध्य भएको जनप्रतिनिधिको गुनासो थियो।

प्रधानमन्त्री ओलीले ती मागहरूको सुनुवाइका लागि सम्बन्धित निकायसँग समन्वय गर्न निजी सचिवालयलाई निर्देशन दिए। केही दिनअघि प्रधानन्त्रीका निजीसचिव विनोदबहादुर कुँवरसहितको टोलीले कालीण्डकी करिडोरको स्थलगत अध्ययन भ्रमण गरी सडक र नाका सञ्चालनका लागि गर्नुपर्ने पहलका विषयमा प्रतिवेदन तयार गरेको थियो।

प्रतिनिधिमण्डलमा संघीय सांसद योगेन्द्र गौचन थकाली, लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टासीन्हर्वु गुरुङ, लोप्साङ छोम्पेल विष्टलगायत सहभागी थिए। कागबेनी-कोरला सडकखण्ड ९७ किलोमिटर कालोपत्रका लागि ठेक्का हुन बाँकी रहेको छ भने तातोपानी खोला, दानाखोला, पाण्डाखोला, तान्बे खोलामा पुल निर्माणमा ठेक्का तोडिएकाले पुनः सुरु गर्नुपर्ने देखिएको छ।

# 'नेपालमा लगानीका लागि सुरक्षित र विश्वसनीय वातावरण आवश्यक'



**काठमाडौं/मस-**नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्वदेशी तथा विदेशी लगानीकर्ताका लागि नेपालमा ढुक्क भएर लगानी गर्न सकिने वातावरण तयार पार्नुपर्नेमा जोड दिएका छन्।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) को २३औं वार्षिक साधारण सभाको उद्घाटन समारोहमा सभापति देउवाले लगानीकर्तालाई सहज र आकर्षक वातावरण दिनु आवश्यक रहेको उल्लेख गरे। उनले भने, 'लगानीकर्तालाई दुःख दिने भन्ने त कुरै छैन। स्वदेशी तथा विदेशी दुवै खालका लगानीकर्ताले ढुक्क भएर नेपालमा लगानी गर्नसक्ने अवस्था बनाउनु पर्छ।'

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री दीपक खड्काले नेपालको ऊर्जा क्षेत्रलाई दिगो विकासको बाटोमा अघि बढाउन सरकार दृढतापूर्वक लागिपरेको बताए। मन्त्री खड्काले आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यसहितको कार्ययोजना अनुसार काम अघि बढिसकेको जानकारी गराए।

'ट्रान्समिसन लाइन पुगेको ठाउँमा विद्युत उत्पादन गर्न दिनु पर्ने प्रधानमन्त्रीज्यूको नीति अनुरुप पिपिए भएको छ,' मन्त्री खड्काले बताए। साथै, उत्पादनका क्रममा देखिएका अवरोध हटाउन वन मन्त्रालयसँग पनि निरन्तर छलफल र समन्वय भइरहेको उनले जानकारी दिए।

ऊर्जा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै मन्त्री खड्काले सरकारले सुरक्षित लगानी वातावरण तयार गरेर निजी क्षेत्रलाई साझेदार बनाउन कुनै द्विविधा नरहेको स्पष्ट पारे। 'सरकार एक्लैले लगानी गर्न सक्दैन, निजी क्षेत्रको सहभागिता आवश्यक छ,' उनले भने।

पूर्व ऊर्जा मन्त्री जनार्दन शर्माले सरकारको नियत र कार्यशैलीमाथि प्रश्न उठाउँदै समयमै विद्युत खरिद सम्झौता नगरेको, लाइसेन्स कब्जा गर्ने प्रवृत्ति रोक्न नसकेको भन्दै आलोचना गरेपछि जवाफमा मन्त्री खड्काले विगत १२ वर्षमा माओवादी नेतृत्वले ऊर्जा मन्त्रालय सम्हाल्दा के काम भयो? भन्ने प्रश्न गरे। 'विगतदेखि रोकिएका काम अहिले अघि बढेका छन्' उनले भने।

कार्यक्रममा नेपाल उद्योग व्यवसाय महासंघ (इप्पा) का अध्यक्ष गणेश कार्कीले निजी क्षेत्रको विकासका लागि सरकारको नीति तथा दृष्टिकोण निर्णायक हुने बताउँदै, 'सरकारको नारा 'सरकारको साथ, निजी क्षेत्र चालक' हुनुपर्ने हो, तर व्यवहारमा सरकारी निकायकै कारण निजी क्षेत्र विस्थापित हुने अवस्था आएको छ,' भन्ने टिप्पणी गरे। अध्यक्ष कार्कीले बजेटमा समेटिएको 'टेक एन्ड पे' प्रणाली, दुई वर्षदेखि रोकिएको सेयर निष्कासन (आईपीओ) प्रक्रिया, र राष्ट्रिय निकुञ्ज क्षेत्रमा आयोजना निर्माणमा लगाइएको प्रतिबन्ध जस्ता नीतिगत निर्णयहरूले निजी क्षेत्रको अर्बौं रुपैयाँ लगानी संकटमा परेको बताए।

उनका अनुसार हाल निजी क्षेत्रले विभिन्न चरणमा ३४ हजार ४८४ मेगावाट क्षमताका ७२५ ऊर्जा आयोजना अघि बढाइरहेका छन्। तर सर्वोच्च अदालतको एक आदेशका कारण राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रभित्र पर्ने करिब १९ हजार मेगावाट क्षमताका २१७ आयोजना रोकिएको छ।

# क्षति पुगेका जलविद्युत् आयोजनाबाट ९० मेगावाट सञ्चालनमा : मन्त्री खड्का



**काठमाडौं/मस-**ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट अवरुद्ध जलविद्युत् आयोजनामध्ये करिब ९० मेगावाट क्षमता बराबरको आयोजना सञ्चालनमा ल्याउन थालिएको बताएका छन्।

राष्ट्रिय सभाको मंगलबार बसेको बैठकमा सांसदहरूको सवालको जवाफ दिँदै मन्त्री खड्काले यस बाढीबाट क्षति पुगेका चिलिमे, देवीघाट, त्रिशूली, सूर्यकुण्ड, बुद्धभूमि, अपरमौलुङलगायतका कुल ९० मेगावाट क्षमता बराबरका जलविद्युत् आयोजना सञ्चालनमा ल्याइएको जानकारी दिए।

उनले ६० मेगावाट क्षमताको त्रिशूली 'ए' जलविद्युत् आयोजना केही दिनमा नै सञ्चालन हुने जानकारी गराएका हुन्। यस्तै बढी क्षमताका आयोजनालाई चाँडो सञ्चालनमा ल्याउन काम सुरु भइसकेको मन्त्री खड्काको भनाइ थियो।

'सबैभन्दा बढी क्षति भएको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजना संरचनालाई सञ्चालनमा ल्याउन केही समय लाग्छ,' मन्त्री खड्काले भने, 'बाढीबाट उक्त आयोजनामा बढी क्षति पुगेको थियो। यसको 'हेडवर्कस'मा पूर्णरुपले क्षति पुगेको छ। यसलाई सकेसम्म चाँडो सञ्चालनमा ल्याउनेगरी काम सुरु गरिसकेका छौँ।'

सभाको अघिल्लो बैठकमा मन्त्री खड्काले रसुवा बाढीबाट त्रिशूली नदी करिडोरमा सञ्चालनमा रहेका विद्युत् आयोजना र प्रसारण संरचनामा गम्भीर क्षति हुँदा त्यसबाट करिब २६० मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा विच्छेद रहेको जानकारी दिएका थिए।

उनले अहिले उक्त क्षेत्रमा बाढीको बहाव केही घट्दो क्रममा रहे पनि जोखिम यथावत् रहेको भन्दै सचेत रहन आग्रह गरे। विस्तृत अध्ययन तथा मूल्याङ्कन कार्य अघि बढाइएको जानकारी दिँदै मन्त्री खड्काले सावधानीका सबै उपाय अवलम्बन गरेको बताए।

# स्पेन लैजाने गिरोहमाथि छानबिन गर्न सीआईबीले बनायो समिति



**काठमाडौं/मस-**संयुक्त राष्ट्रसंघीय सम्मेलनमा सहभागी बनाएर स्पेन लैजाने गिरोहमाथि छानबिन गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले एसएसपी होविन्द्र बोगटीको नेतृत्वमा समिति बनाएको छ।

एसएसपी बोगटी नेतृत्वको समितिमा मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसन्धान अधिकारी पनि समावेश छन्। सोमबार गृहमन्त्री रमेश लेखकले डाकेको बैठकमा स्पेनमा भएको भनिएको मानव तस्करीका विषयमा अनुसन्धान गर्न छानबिन समिति बनाउने विषयले प्रवेश पाएको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको २१ सदस्यीय उच्चस्तरीय भ्रमण टोली स्पेनको सेभियामा आयोजित चौथो 'इन्टरनेसनल कन्फरेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट अफ युनाइटेड नेसन्स्' कार्यक्रममा सहभागी हुन १४ असारमा स्पेन प्रस्थान गरेको थियो। कार्यक्रममा भाग लिएर ओलीसहितको सरकारी टोली २० असारमा फर्किएको थियो। प्रधानमन्त्रीसहितको सरकारी टोलीकै भ्रमण आसपास दुई सातामा अस्वाभाविक रूपमा ८२ जना स्पेन पुगेको र अरू ५५ जना गन्तव्य मुलुक जान नपाई विमानस्थलबाटै फिर्ता भएकामा 'सरकारी संयन्त्र प्रयोग गरेर संगठित गिरोहले मानव तस्करी गरेको' आशंका गरिएको छ। स्पेन लगेर उतैबाट युरोपका पोर्चुगललगायत मुलुक छिराउने र त्यसबापत गिरोहले मोटो रकम असुल्ने गरेका विवरण पनि यसअघि बाहिरिएका थिए।

# देशभर छाउगोठ भत्काउन माग



**काठमाडौं/मस-** कञ्चनपुरमा छाउगोठमा सुतिरहेकी महिलाको सर्पदंशबाट ज्यान गएपछि संसद्मा छाउपडी प्रथा अन्त्य र देशभर छाउगोठ भत्काउन माग गरिएको छ। शनिबार राति कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ निगालीमा २८ वर्षीया कमला आउजीको सुतिरहेको अवस्थामा सर्पले बाँया गालामा डसेपछि उनको मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी लक्ष्मण बोहराका अनुसार अवस्था गम्भीर भएपछि उनलाई सेती प्रादेशिक अस्पताल लगिएको थियो, उपचारका क्रममा उनको मृत्यु भएको थियो।

मंगलबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले छाउपडी प्रथा अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराएका छन्। सांसद पुष्पबहादुर साहले सुदूरपश्चिममा छाउपडी प्रथा अझै गहिरो समस्या बन्दै गएको भन्दै सरकारलाई प्रभावकारी कदम चाल्न आग्रह गरे।

त्यस्तै सांसद विमला सुवेदीले कञ्चनपुरको घटनाले समाजलाई लज्जित बनाएको भन्दै कर्णाली र सुदूरपश्चिममा व्याप्त छाउपडी प्रथा हटाउन र देशभरका छाउगोठ तुरुन्त भत्काउन माग गरिन्। यद्यपि स्थानीय तहहरूमा छाउपडीविरुद्ध अभियान चलाइए पनि महिनावारीका बेला छाउगोठमा सुत्ने परम्परा अझै कायम रहेको पाइएको छ। सांसदहरूले यस कुप्रथाको अन्त्यका लागि थप कडा कानुनी कार्यान्वयन र जनचेतनाको खाँचो रहेको बताएका छन्।

# एसईईमा ४ जिपिए ल्याउने विद्यार्थी सम्मानित



**वीरगन्ज/मस-**माध्यमिक शिक्षा परीक्षा(एसईई) २०८१ मा पर्सा जिल्लाबाट ४ जिपिए ल्याउन सफल ८ जना विद्यार्थीहरूलाई सम्मान गरिएको छ।

मंगलबार जिल्ला शिक्षा समितिको आयोजना तथा जिल्ला प्रशासन कार्यालय पर्साको सहआयोजनामा आयोजित कार्यक्रममा उनीहरूलाई नगद पुरस्कारसहित सम्मानित गरिएको हो। सम्मानित हुनेहरूमा सामुदायिक विद्यालय त्रिजुद्ध माविका छात्र सचिन मेहता, संस्थागत विद्यालय कादम्बरी एकेडेमीका छात्रा सिद्धी शर्मा, साक्षी यादव, छात्र यश जयसवाल र सौरभ पाण्डे तथा गौतम माविका छात्रा जोया हवारी, दिपीशा रौनियार र छात्र आरभ चौरसिया छन्।

उनीहरूलाई जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ, प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र शिक्षा विकास समन्वय इकाइ पर्साका प्रमुख हरि राउतले जनही १० हजार रुपैयाँ र कदरपत्र प्रदान गर्दै सम्मानित गरे। ४ जिपिए ल्याउन सफल विद्यार्थीका अभिभावकहरूलाई पनि दोसल्ला ओढाएर सम्मानित गरिएको थियो।

कार्यक्रममा एसईईमा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालयहरू त्रिजुद्ध मावि, कादम्बरी एकेडेमी र गौतम माविलाई पनि कदरपत्रसहित सम्मानित गरिएको थियो। यस्तै जिल्ला मै उत्कृष्ट केन्द्राध्यक्षका रूपमा श्री माध्यमिक विद्यालय विजयवस्ती, ठोरीका प्रधानाध्यापक नारायण लामालाई पनि नगद १० हजार र कदरपत्र प्रदान गरि सम्मान गरिएको थियो।

## शहरी...

क्षेत्रमा २२.३१ प्रतिशत बालश्रमिक हुने गरेकोमा नेपाल श्रमशक्ति सर्वेक्षण २०७४ अनुसार घटेर २०.४ प्रतिशत रहेको छ।

प्रतिवेदन अनुसार नेपालमा १० लाख ८२ हजार बाल श्रमिक देखिएको छ। जसमध्ये सबैभन्दा धेरै कोशी प्रदेशमा १९ प्रतिशत, लुम्बिनी प्रदेशमा १८ प्रतिशत, सुदुरपश्चिम र मधेश प्रदेशमा १६ प्रतिशत छन्। यस्तै कर्णाली प्रदेशमा १२ प्रतिशत, बाग्मती प्रदेशमा १० प्रतिशत र सबैभन्दा कम गण्डकीमा ९ प्रतिशत बालश्रमिक रहेको देखाएको हो।

बालश्रममा लाग्ने बालबालिका मध्ये बालिकाको संख्या धेरै छ। देशभर ५ लाख ७७ हजार बालिका बालश्रमका संलग्न रहेको र ५ लाख ४ हजार बालक संलग्न रहेको देखाएको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपाललाई बालश्रममुक्त राष्ट्र बनाउन सबै सरोकारवालाबीच समन्वय र सहकार्य अपरिहार्य रहेको बताए।

उनले बालश्रमसम्बन्धी नीतिहरू भूगोलअनुसारको अनुसन्धानमा आधारित भएर बनाइनुपर्नेमा जोड दिँदै बालश्रम र सामान्य बालकार्य छुट्याउन शैक्षिक, सामाजिक र कानुनी दृष्टिकोणबाट स्पष्ट व्याख्या आवश्यक रहेकोमा जोड दिए।

मन्त्रालयले २०७८ वैशाख ३० गतेको सचिवस्तरीय निर्णयअनुसार देशभरका ७५३ वटै स्थानीय तहमा कार्यरत रोजगार संयोजकहरूलाई बालश्रम निवारणसम्बन्धी सम्पर्क व्यक्तिको रूपमा तोकेको छ। यसबाट स्थानीय स्तरमा बालश्रम नियन्त्रण र न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालयले बालश्रम न्यूनीकरणसम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गरेको छ। सो अवधिमा ३,७४४ वटा प्रतिष्ठानहरूको अनुगमन गरिएको थियो भने बालश्रममा संलग्न ७२ जना बालबालिकालाई उद्धारसमेत गरिएको मन्त्रालयले जनाएको छ। प्रतिवेदन अनुसार, देशका ७५३ मध्ये केवल १० वटा स्थानीय तह मात्रै बालश्रममुक्त घोषणा भएका छन्।

## विद्याले...

संयोजकत्वमा समिति घोषणा गरिएको छ। यो समितिले वर्षभर जननेता मदन भण्डारीको व्यक्तिगत चर्चा, जनताको बहुदलीय जनवाद (जबज) र एमालेको लोकतान्त्रिकरणबारे छलफल गर्ने भनिएको छ।

समिति घोषणाकै क्रममा पूर्वराष्ट्रपति भण्डारीलाई प्रतिनिधि सभा विघटनको निर्णय सदर गर्नेदेखि एमालेको राजनीतिमा फर्कदा देखिने प्रतिकुलताबारे प्रश्न राखेका थिए। प्रतिनिधि सभा विघटनको निर्णय सदरबारे संक्षेपमा जवाफ दिएकी पूर्वराष्ट्रपति भण्डारी एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीप्रति चाहिँ चर्को सुनिएकी थिइन्।

प्रतिनिधि सभा विघटनको निर्णय राजनीतिक पक्षमाथि बहस हुन सक्ने भनेर ओलीलाई अप्ठ्यारो पारेकी भण्डारीले एमालेमा नेतृत्वका लागि थुप्रै विकल्प रहेको बताइन्। ओलीले केही दिन अगाडि झापा पुगेर 'ओली बिनाको एमाले' संभव नरहेको बताएका थिए।

जवाफमा भण्डारीले मदन भण्डारी नहुँदा पनि एमाले चलेको बताइन्। जबजको प्रतिवादक मदनको रहस्यमय निधन हुँदा पनि सिद्धान्त, नीति र कार्यक्रमले एमाले यहाँसम्म आइपुगेको बताइन्।

सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेकी भण्डारीले आगामी केन्द्रीय समिति बैठकबाटै आफ्नो भूमिकाको खोजी हुने सन्देश पनि दिएकी छन्।

## सत्तापक्षकै...

'संसद्मा एकसाथ अगाडि बढेका विधेयक कुनै ऐनमा रुपान्तरित भइसक्ने कुनै संसदमै अड्किने भइराखेको छ' उनले प्रश्न गरेकी छन्, 'अख्तियार विधेयक किन अगाडि बढिरहेको छैन ?'

यो विधेयक संसद्मा भने विगत ६ वर्षदेखि छ। ६ माघ २०७६ मा राष्ट्रिय सभामा विधेयक दर्ता हुँदा हालका प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री थिए। समयानुकूल ऐन संशोधन गर्ने भनेर प्रधानमन्त्री ओली स्वयंले संसद्मा लगेको विधेयक ६ वर्षसम्म ऐनमा रुपान्तरित हुन सकेको छैन।

२७ चैत २०७९ मा राष्ट्रिय सभाबाट पास भएर प्रतिनिधि सभामा आएको हो। त्यसपछि प्रतिनिधि सभाले सैद्धान्तिक छलफल गरेर ३१ भदौ २०८० मा यो विधेयकलाई राज्य, व्यवस्था तथा सुशासन समितिमा पठाएको थियो।

अर्थात्, प्रतिनिधि सभामा यो विधेयक आएको २७ महिना भयो। दफावार छलफलका लागि संसदीय समितिमा पुगेको २३ महिना भयो।

विद्यालय शिक्षा विधेयक पनि अपेक्षित गतिमा अगाडि बढेको छैन। नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा समझदारी भए कुनै पनि विधेयक अगाडि बढाउन सरकारलाई संसद्मा सहजै बहुमत पुग्छ। तर दुई दलका असहमतिले कैयन विधेयक संसद्मै बन्धक बन्न पुगेका हुन्।

## जान"को...

'जान'का अध्यक्ष डा. रामचन्द्र भुसालले मन्त्रालयको पत्र पाएपछि परीक्षा सञ्चालन सम्बन्धमा छलफल भइरहेको र यथाशक्य छिटो परीक्षा सञ्चालन गर्ने तयारी रहेको मध्यान्ह दैनिकलाई बताए।

आइतबार न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेयको इजलासले वैदेशिक रोजगार क्षेत्रका लागि महत्वपूर्ण मानिएको रिटमा अन्तरिम आदेश जारी नहुने आदेश जारी गरेको हो। परीक्षा रोक्न अन्तरिम आदेश जारी गर्न इन्कार गरेको इजलासले भाषा परीक्षाका लागि 'जान'ले लिने शुल्कका विषयमा वैदेशिक रोजगार बोर्डसँग लिखित जानकारी माग गरेको छ।

रिट निवेदनमा भाषा परीक्षाका नाममा विगत १५ वर्षदेखि अन्याय भएको र जापान जाने कामदारले जापानी भाषाको परीक्षा दिनुपर्ने व्यवस्था वैदेशिक रोजगार ऐनमा नरहेको निवेदकहरूले उल्लेख गरेका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपाल जाइका अल्मुनाई एसोसिएसन 'जान' समेतलाई विपक्षी बनाइएको उक्त रिटमा असार १७ गतेदेखि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल पनि जोडिएको छ।

बोर्डबाट जानकारी गएपछि सर्वोच्च अदालतमा रिट पेसीमा चढ्ने छ। तर अन्तरिम आदेश नभएपछि रिटमा फैसला हुन समय लाग्ने आंकलन गरिएको छ।

## वैदेशिक...

मनोज महर्जन तथा कतार पठाउने प्रलोभन दिएर १० जनाबाट जनही ३ लाख ५० हजार रुपैयाँको दरले ठगी गरेको आरोपमा सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिका-४ घर भएका ३० वर्षीय सबिक राईलाई पक्राउ गरेको छ।

यस्तै क्रोएसिया पठाइदिन्छु भन्दै ८ लाख रुपैयाँ ठगी गरेको अरोपमा चितवनको राप्ती नगरपालिका-१ का ५३ वर्षीय प्रेमकृष्ण श्रेष्ठ र मलेसिया पठाइदिन्छु भन्दै एक जनाबाट ३ लाख ९९ हजार रुपैयाँ लिएर ठगी गरेको आरोपमा बाराको निजगढ नगरपालिका-१२ स्थायी घर भइ भक्तपुर बस्दै आएका रामबहादुर थिङलाई पनि पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले पक्राउ परेका सबैलाई थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग पठाइएको जानकारी दिए।

**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Project Implementation Unit**
**Joshipur, Kailali**

**INVITATION FOR BIDS**

**Date of Publication: 16th July, 2025**
**Funding Agency: The World Bank**
**Credit No.: 7132-NP**
**Invitation for Bids No: NP-DWSSM-484029-CW- RFB**

1. *Joshipur Rural Municipality, Project Implementation Unit Joshipur, Kailali* invites the Bids from eligible bidders for the Construction of Water Supply Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1. | NP-DWSSM-484029-CW- RFB | Construction of Lokhari(Simri) Water Supply Project in Joshipur Rural Municipality, Kailali. | 24,00,000/- | 10,000/- | Single Stage Double Envelope, Hard Copy Not Acceptable. |

2. Eligible Bidders may obtain further information of the Bidding Documents at the office of Water Sector Governance and Infrastructure Support Project (WaSGISP), Project Implementation Unit Joshipur, Kailali, Sudurpaschim Province, Nepal during office hours or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Project Manager**

# न्यौपानेलाई कर्मचारी प्रशासनको बागडोर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

नेकपा एमालेकी राष्ट्रिय सभा सांसद भगवती न्यौपाने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री नियुक्त भएकी छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार न्यौपानेलाई मन्त्री नियुक्त गरेका हुन् ।

एमालेकै प्रतिनिधि सभा सांसद राजकुमार गुप्ता यसअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री थिए । गुप्ताले मंगलबार नै पदबाट राजीनामा दिएका थिए ।

**को हुन् न्यौपाने ?**

न्यौपाने स्थानीय तहको चुनावमा पराजित भएपछि राष्ट्रिय राजनीतिमा पुनः उदाएकी नेतृ हुन् । वि.सं. २०७४ मा तनहुँको भानु नगरपालिकाको मेयर पदका लागि उम्मेदवारी दिएकी न्यौपाने त्यसबेला पराजित भएकी थिइन् । यद्यपि पराजयपछि पनि पार्टीको निरन्तर विश्वास जित्दै उनले राष्ट्रिय राजनीतिमा महत्वपूर्ण स्थान बनाइन् ।



उनी २०७६ सालमा उनी राष्ट्रिय सभा सदस्य निर्वाचित भइन् । त्यसबेला नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकीकरणपछि बनेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को तर्फबाट उम्मेदवार बनेकी उनले सहजै निर्वाचन जितेकी थिइन्। राष्ट्रिय सभा सदस्य बनेपछि उनलाई एमालेले सचेतकको जिम्मेवारी दिएको थियो ।

वि.सं. २०५१ सालमा एमालेको साधारण सदस्यबाट राजनीतिमा प्रवेश गरेकी न्यौपाने विद्यार्थी राजनीतिदेखि नै सक्रिय रहँदै अनेरास्ववियुको राष्ट्रिय परिषद सदस्य, अनेमसंघ तनहुँको दुई कार्यकाल अध्यक्ष र पार्टीको जिल्ला कमिटीमा समेत उल्लेखनीय भूमिका निर्वाह गरेकी थिइन् । उनी करिब ९ वर्षसम्म तनहुँ जिल्लाको पार्टी सचिव पनि भएकी थिइन् ।

२०६२/६३ को जनआन्दोलनमा उनको सक्रिय भूमिकाले उनलाई तनहुँमा एक जुझारु नेतृको रूपमा चिनाएको थियो ।

हालै मन्त्री बनेकी न्यौपाने एमाले अध्यक्ष एवं प्रधानमन्त्री ओलीको विश्वासपात्र नेतृ मानिन्छिन् । राष्ट्रिय सभा सदस्यको रूपमा उनको कार्यकाल आउँदो फागुनमा सकिँदैछ । त्यसअघि नै उनलाई सरकारको प्रशासनिक नेतृत्वको जिम्मेवारी दिइएको हो ।

# कांग्रेसको चुनाव चिह्नमा मत हाल्न जनता आतुर छन् : महामन्त्री शर्मा



**बारा/मस–** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेस एक्लै चुनाव लड्न सक्षम रहेकाले आगामी आमनिर्वाचनमा आफ्नो पार्टीबाहेकको चुनाव चिह्नमा मत हाल्ने अवस्था नआउने बताएका छन् ।

बारा सदरमुकाम कलैयामा मंगलबार आयोजित नेता, कार्यकर्ता भेटघाट कार्यक्रममा उनले गठबन्धनका कारण विगतमा साइकल, मसाल, कलममा भोट हाल्ने बाध्यता सिर्जना भए पनि विसं २०८४ मा हुने आमनिर्वाचनमा त्यस्तो अवस्था नआउने बताए। महामन्त्री शर्माले देशको हरेक परिवर्तनमा अतुल्नीय योगदान रहेको कांग्रेसको चुनाव चिह्नमा मत हाल्न जनता आतुर रहेको भन्दै अब कसैसँग कुनै प्रकारको गठबन्धन नगरी पार्टीले नै चुनाव लड्ने बताए ।

उनले ०८४ मा पार्टीले बहुमतको सरकार बनाउने गरी अहिलेदेखि नै जनताको पक्षमा काम गर्नुपर्ने उनको भनाइ थियो। ‘जहिले पनि कांग्रेस देश विकास, समृद्धि, डण्डहिनताको अन्त्य, विधिको शासन र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई ग्यारेन्टी गराउन पूर्ण प्रतिबद्ध छ। आगामी आमनिर्वाचनपछि आफ्नै नेतृत्वमा बहुमतको सरकार बनाएर ती प्रतिबद्धतालाई कार्यान्वयन गर्नुपर्छ ।

# भक्तपुर मालपोतका कर्मचारी घुससहित पक्राउ



**काठमाडौं/मस–** भक्तपुरस्थित मालपोत कार्यालयका कर्मचारी घुससहित रंगेहात पक्राउ पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख मालपोत अधिकृत कुमार आचार्य र कार्यालय सहयोगी टिकाराम राउतलाई रंगेहात पक्राउ गरेको हो ।

मोही तल्सिङको मुद्दा मिलाउने भन्दै उनीहरूले सेवाग्रहीबाट साढे २४ लाख घुस लिँदै गरेको अवस्थामा अख्तियारको टोलीले नियन्त्रणमा लिएको हो ।

भक्तपुरको चाँगुनारायण नगरपालिकामा रहेको १४ रोपनी ४ आना जग्गा मोही र तलसिङको लगत कट्टा गरी सो जग्गा मोहीको नाममा जग्गा धनी पूर्जा बनाउने प्रायोजनका लागि उनीहरूले घुस लिएको अख्तियारले जनाएको छ। उनीहरूको साथमा रहेको २ थान मोबाइल पनि जफत गरिएको अख्तियार जानकारी दिएको छ ।

यसैबीच धनुषाको सबैला नगरपालिकामा कृषि अनुदानको रकममा भ्रष्टाचार भएको खुलासा भएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत बाखापालन कार्यक्रमका लागि विनियोजित रकममा तत्कालीन वडाध्यक्ष र कर्मचारीको मिलेमतोमा करिब १५ लाख रुपैयाँ हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

अनुसन्धानका क्रममा सबैला नगरपालिकाले बाखाको साना व्यवसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रमका लागि छुट्याइएको १५ लाखको अनुदान वितरणमा प्रक्रिया नै पूरा नगरेको भेटिएको छ ।

नगरपालिकाले कार्यक्रमका लागि राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन नगरी कोभिड-१९ को बहाना बनाएर एकमात्र निवेदन परेको देखाई अर्चना सहकारी संस्था लिमिटेडलाई छनोट गरेको थियो ।

२०७८ जेठ ५ मा नगरपालिका र उक्त सहकारीबिच १५ लाखको सम्झौता भए पनि अनुदानको रकमबाट खरिद गरिनुपर्ने बाखा, बोका र घाँसजस्ता सामाग्री किसानसम्म नपुगी कागजी प्रक्रियामा मात्र सीमित रहेको अनुसन्धानबाट खुलेको छ । तत्कालीन वडा नम्बर ८ का वडाध्यक्षले नै उक्त सामग्री बुझेको भनी झुट्टा भर्पाई बनाएको पनि प्रमाण भेटिएको अख्तियारको दाबी छ ।

भ्रष्टाचार प्रकरणको सबैभन्दा ठुलो प्रमाणका रूपमा सहकारीले राधा कृषि फर्मबाट सामाग्री खरिद गरेको भनी पेस गरेको बिल नै नक्कली रहेको पाइएको छ ।

राधा कृषि फर्मका सञ्चालकले आफूले उक्त बिलमा उल्लेख भएबमोजिम कुनै पनि सामग्री बिक्री नगरेको बयान दिएका अख्तियारले दायर गरेको मुद्दामा उल्लेख छ। साथै आन्तरिक राजस्व कार्यालय जनकपुरले समेत आर्थिक वर्ष २०७७/७८ मा राधा कृषि फर्मको कुनै पनि कारोबार नभएको पुष्टि गरेको छ ।

यसरी, कार्यक्रम सञ्चालनको नाममा मिलेमतो गरी झुट्टा बिल भरपाई र नक्कली कागजात तयार पारेर १४ लाख ७७ हजार ५०० सरकारी रकम हिनामिना गरी हानिनोक्सानी पुऱ्याएको ठहर गर्दै उक्त कार्यमा संलग्न प्रतिवादीहरूविरुद्ध सजायको मागदाबीसहित विशेष अदालतमा आरोपपत्र दायर गरिएको अख्तियारले जनाएको छ ।

# जय किसान माविमा छात्रवृत्ति वितरण



**रौतहट/मस–** रौतहटको देवाही गोनाही नगरपालिका-९ स्थित श्री जय किसान माध्यमिक विद्यालय, धरहरीमा छात्रवृत्ति वितरण गरिएको छ। विद्यालयका अनुसार कक्षा १ देखि ८ सम्म अध्ययनरत सम्पूर्ण छात्रा तथा दलित छात्राहरुलाई छात्रवृत्ति वितरण गरिएको हो ।

छात्रवृत्ति वितरण कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामनन्द साहको अध्यक्षता र देवाही गोनाही नगरपालिकाका नगरप्रमुख प्रेमलाल साहको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा वडा नम्बर ९ का वडाध्यक्ष वीर बहादुर साह विशेष अतिथि रहेका थिए । विद्यालयका प्रधानाध्यापक संजय प्रसाद गुप्ताले मंगलबार एक कार्यक्रमको आयोजना गरी छात्रवृत्ति वितरण सुरू गरिएको जानकारी दिए ।

उनका अनुसार आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा अध्ययनरत कक्षा १ देखि ८ सम्मका सम्पूर्ण छात्रा तथा दलित छात्राहरुलाई तथा आर्थिक वर्ष २०८१/८२ मा अध्ययनरत कक्षा १ देखि ५ सम्मका छात्रा तथा दलित छात्राहरुलाई प्रतिव्यक्ति ४०० रुपैयाँका दरले छात्रवृत्ति वितरण गरिएको हो ।

छात्रवृत्ति वितरण कार्यक्रममा विद्यालयका सम्पूर्ण शिक्षक-शिक्षिका, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू तथा स्थानीय अभिभावकहरूको समेत उपस्थिति रहेको थियो। विद्यालयले छात्रवृत्तिबाट विद्यार्थीको पठनपाठनमा थप प्रोत्साहन हुने अपेक्षा लिएको छ ।

# अर्घाखाँचीमा पहिरोले पुरिँदा २ जनाको मृत्यु

**अर्घाखाँची/मस–** अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१० तल्लोपाकुमा पहिरोले पुरिएर २ जनाको मृत्यु भएको छ ।

मंगलबार बिहान करिब ९ बजे घाँस काट्न र चिउरी टिप्न गएका स्थानीय ६६ वर्षीय गोबिन्द बुढामगर र उनकी ६७ वर्षीया श्रीमती श्यामकला बुढामगर सुक्खा पहिरोले पुरिँदा घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ ।

प्रहरीका अनुसार उनीहरू रोजा तुसारेपानीस्थित आफ्नो खर्यानतर्फ गएका थिए। तर समयमा घर नफर्किएपछि परिवारले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि स्थानीयवासीको सहयोगमा खोजतलास गर्दा उनीहरू पहिरोमा पुरिएको अवस्थामा फेला परेका थिए ।

प्रहरी निरीक्षक तथा सूचना अधिकारी झलकप्रसाद शर्माका अनुसार ढुंगा लागेर शरीरका विभिन्न भागमा गम्भीर चोट लागेका कारण घटनास्थलमै दुवैको मृत्यु भएको हो। शवलाई कानुनी प्रक्रिया पूरा गरी पोष्टमार्टमका लागि जिल्ला अस्पताल अर्घाखाँची पठाइएको छ ।


**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Koshi Province, Bhadrapur, Jhapa, Nepal**
**First Date of publication: 16th July 2025 (2082-03-32)**

1. Infrastructure Development Office, Jhapa invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Description of works | Bid Security Amount (NRs) | AACT (NRs) | Specific Experience | Experience in Key Activities | Bid Capacity (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Construction of GeuriyaKhola Bridge Kamal -5 Mangalbare Bazar Purba,Jhapa ( Contract no: IDO/JHP/W/NCB/ MY-1/2081-82) | 4,20,000 | 1,49,50,000 | At least One (1) Contract for RCC Motarable Bridge/RCC Box Culvert with a value of at least NRs 6000000 | M25 or above grade Concrete with quantity 137 Cum/year | 1,20,00,000 |
| 2 | Constuction of KurungKhola Bridge along Buddhashanti 5 and 6 to Rong 5 ( Contract no: IDO/JHP/W/NCB/ MY-2/2081-82) | 13,00,000 | 3,45,00,000 | At least One (1) Contract for RCCMotarableBridge withspannot less than 20m with a value of at least NRs 18500000 | M25 or above grade Concrete with quantity 266 Cum/year | 3,70,00,000 |
| 3 | Construction of DudheKhola RCC Bridge ,Mechinagar 3,Jhapa ( Contract no: IDO/JHP/W/NCB/ MY-3/2081-82) | 11,60,000 | 3,10,00,000 | At least One (1) Contract for RCC Motarable Bridge with Span not less than 20m with a value of at least NRs 16500000 | M30 or above grade Concrete with quantity 208 Cum/year | 3,30,00,000 |
| 4 | Construction of ThuloneteKholaBridge,Arjundhara 1,Jhapa ( Contract no: IDO/JHP/W/NCB/ MY-4/2081-82) | 16,00,000.00 | 4,30,00,000 | At least One (1) Contract for RCC Motarable Bridge with length not less than 40m with a value of at least NRs 22800000 | M30 or above grade Concrete with quantity 367 Cum/year | 4,60,00,000 |
| 5 | Upgrading of Madanpur Hachumasa Shamudayik Bhawan Siran Farsibari Road, Arjundhara1, Jhapa (Multiyear Road) (Contract no: IDO/JHP/W/NCB/ MY-5/2081-82) | 20,60,000.00 | 7,32,00000 | At least one Asphalt concrete road within the last ten (10)) years, with a value of at least NRs 29300000 | Asphalt concrete with quantity 466 cum/year | 5,90,00,000 |
| 6 | Upgrading of PhulbariRajgadhRoad, Barhadashi, Jhapa (Contract no: IDO/JHP/W/NCB/ MY-6/2081-82) | 22,00,000.00 | 11,66,00,000 | At least one Asphalt concrete road within the last ten (10)) years, with a value of at least NRs 311,00,000 | Asphalt concrete with quantity 1116 cum/year | 6,30,00,000 |
| 7 | Fabrication, Supply, Transportation, Construction and Erection of Chandu KholaSimle Jane batomaajho. pu., Kamal-05, Jhapa Through Construction Turnkey Package (CTP) (Contract no: IDO/JHP/W/NCB/ MY-7/2081-82) | 6,30,000.00 | 1,67,00,000 | At least One (1) Contract for Trail Bridgewith a value of at least NRs 90,00,000 | 1 (One) Long Span Trail Bridge of Span of 150 m | 1,80,00,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from Infrastructure Development Office, Bhadrapur, Jhapa(email: - idojhapa11@gmail.com, Ph: -: 9852656329) during office hour and may visit PPMO website www.bolpatra.gov.np/egp
3. Interested bidder may download the complete set of Bidding Documents from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid, should deposit the cost of NRs 5000.00 for each contract in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: RastyaBanijya Bank, Bhadrapur, Jhapa
   Name of Office: Infrastructure Development Office, Jhapa
   Office Code no.3370112011
   Office Account no.: 1000100201010001
   Rajaswa (revenue) Shirshakno.14229
4. Pre-bid meeting shall be held at Infrastructure Development Office, Bhadrapur, Jhapa at 13:00 Hrs. on 4th August 2025 (2082-04-19).
5. Bids must be submitted to the office Infrastructure Development Office, Jhapathrough PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 On 15thAugust 2025 (2082-04-30).
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs. on 15th August 2025 (2082-04-30) at Infrastructure Development Office, Jhapa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, amounting NRs mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

मध्यान्ह
www.madhyanhadaily.com

३२ असार २०८२ बुधबार
16 July 2025, Wednesday


## सम्पादकीय

# जस–अपजसमा अल्भिmयो राजनीति

सरकारको एक वर्षे समीक्षाका क्रममा प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख विपक्षी नेता पुष्पकमल दाहाल प्रचण्डबीच सवाल–जवाफ नै चल्यो । सरकारको एक वर्षे समीक्षा हुनेगरी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधि सभालाई सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा प्रचण्डले वर्तमान सरकार सुशासनको कडीमा चुकेको, अर्थतन्त्रमा सुधार ल्याउन नसकेको र जनअपेक्षा पूरा गर्न नसकेको निष्कर्ष प्रस्तुत गरेका थिए । त्यही सन्दर्भमा प्रचण्डले त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा फ्लड लाइट जडान र प्यारापिट निर्माणमा सरकार चुकेको बताएका थिए । ओलीले प्रधानमन्त्री पदको शपथ लिएपछि क्रिकेट मैदानमा फ्लड लाइट जडान र प्यारापिट निर्माण कार्य ३०० दिनभित्र पुरा गर्ने पहिलो निर्णय लिएका थिए । यो निर्णयलाई ओलीले प्रतिष्ठाकै रूपमा लिएर सामाजिक सञ्जाल मार्फत् शेयर गरेका थिए ।

तर सार्वजनिक घोषणा गरिएको ३०० दिनमा यो परियोजना पुरा भएन । यसपछि थपिएको दुई महिनामा पनि काम सकिएन । प्रचण्डले प्रमुख विपक्षी नेताका हैसियतमा यही प्रश्न प्रतिनिधि सभा बैठकमा उठाए । यो प्रश्नको जवाफमा ओलीले फ्लड लाइट जडान र प्यारापिट निर्माण शिल्यान्यास गरेनन् । यस्तो गर्नलाई संभव पनि थिएन । बरू सामाजिक सञ्जालबाट प्रचण्डलाई जवाफ फर्काउने काम गरे– कीर्तिपुरमा जानु, त्यहाँ काम भइरहेको छ । पक्कैपनि कीर्तिपुर मैदानमा फ्लड जडान र प्यारापिट निर्माणको कार्य भइरहेको छ । ढिलो भएपनि काम भइरहेको दुनियाँले देखेकै छन् । त्यसैले यो कुरा मुख्य नेताहरूबीचको सवाल–जवाफ नहुनुपर्ने हो ।

तर प्रधानमन्त्री र पूर्वप्रधानमन्त्री बीच चलेको यो सवाल–जवाफलाई उनीहरूका समर्थकहरूले समेत साथ दिइरहेका छन् । यस्तो परिस्थितिको सिर्जना हुनुमा नियमित कामकै पनि जस लिने स्वार्थ नेताहरूमा कायम रहनु हो । आफ्नो पार्टी, नेता र नेतृत्व सही रहेको देखाउन भइरहेको कामको जस लिनु राजनीतिक परम्परा नै बनिसकेको छ । अरू पार्टीको सरकार हुँदा काम नहुने, र आफ्नो नेतृत्वमा कायापलट नै भएको तर्क नेताहरूले गर्दै आएका छन् । त्यसैको एउटा प्रतिनिधि घटना त्रिवि क्रिकेट रंगशालाको प्रशंग हो । जबकि यो क्रिकेट रंगशाला निर्माणका लागि अघिल्लो सरकारकै पालामा बजेट विनियोजन भएको थियो । तर जस लिने होडमा अहिले अपजसको लफडा चलिरहेको लुकेको छैन । यसको अर्थ 'भोटका लागि जसको राजनीति' गर्ने भन्दा पनि प्रणालीलाई बलियो बनाउनेतर्फ जोड दिदा यस्तो रस्साकस्सी र आरोप–प्रत्यारोपको राजनीतिक टुंगिन्छ ।

# शिक्षाको व्यापार र असमानता

*शिक्षा क्षेत्रमा समान अवसर र पहुँचको सिद्धान्त कार्यान्वयन गर्नुपर्छ । सबै नागरिकले आफू अनुकूलको गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ, चाहे सहरमा बसुन् या ग्रामीण भेगमा...*

**अग्रलेख**



● जन्मदेव जैसी

नेपालमा शिक्षालाई हेर्ने दृष्टिकोण समयअनुसार परिवर्तन हुँदै आएको छ । कहिले समाज सुधारको औजारका रूपमा, कहिले राज्य निर्माणको मेरुदण्डका रूपमा, त कहिले जीवनको आधारभूत अधिकारका रूपमा शिक्षालाई बुझियो । तर, पछिल्लो समय शिक्षाको क्षेत्र व्यावसायिक नाफाको आकर्षक साधन बनेको यथार्थले गम्भीर प्रश्न उठाएको छ, के नेपालमा शिक्षा नागरिकको अधिकार हो त ? कि यो केवल व्यापारिक पुँजी र प्रभाव बढाउने औजार हो ?

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । संविधानको धारा ३१ मा 'शिक्षाको हक' उल्लेख गर्दै प्रत्येक नागरिकलाई आधारभूत शिक्षा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ । त्यसैले कानुनी रूपमा शिक्षा अधिकार हो भन्नेमा कुनै द्विविधा छैन । तर, व्यवहारमा पुग्दा शिक्षाको स्वरूप पूर्णतः अधिकारको हैसियतमा छैन । बरु शिक्षा निजीकरणको चक्रव्यूहमा फसेर एउटा महँगो सेवा बनेको छ । यहाँ शिक्षामा लगानी गर्नेहरू लाभ लिन चाहन्छन्, अभिभावकले आफ्ना सन्तानको भविष्य सुरक्षित गर्न ऋण लिएरै भए पनि महँगो विद्यालयमा भर्ना गरिरहेका छन् र विद्यालय तथा कलेज सञ्चालकहरू अरबौंको सम्पत्ति जोडिरहेका छन् ।

शिक्षामा यस्तो व्यावसायीकरण हुनुका पछाडि केही कारणहरू छन् । राज्यले लिनुपर्ने दायित्वमा निरन्तर कमी आएको छ । सरकारी विद्यालयहरूमा गुणस्तरीय शिक्षकको अभाव, भौतिक पूर्वाधारको कमजोरी, शैक्षिक सामग्रीको नितान्तः न्यूनता र प्रशासनिक ढिलासुस्तीले आम नागरिकको विश्वास गुमाएको । जसले गर्दा निजी क्षेत्रले शिक्षाको अभाव पूर्ति गर्ने बहानामा मैदान कब्जा गर्न थालेका छन् । अभिभावकमा बढ्दो आकांक्षा र प्रतिस्पर्धी सोचले उनीहरूलाई बढी खर्च गरेर भए पनि 'अंग्रेजी माध्यम' र 'डिसिप्लिन' भन्ने भ्रममा निजी विद्यालयतर्फ मोडिएका छन् ।

राज्यले नीति निर्माणमै निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिएको छ, जसले शिक्षा क्षेत्रलाई सेवा नभई व्यापारको रूपमा स्थापित गरेको छ । तर, यो व्यापारिक शिक्षा प्रणालीले गहिरो असमानता जन्माइरहेको छ । एउटै तहमा पढ्ने दुई बालबालिकाको भविष्य विद्यालयले निर्धारण गरिदिएको छ । निजी विद्यालयबाट पढेका विद्यार्थी अंग्रेजी भाषा, प्रविधि, प्रस्तुतीकरण आदि सीपमा अगाडि देखिन्छन् भने सरकारी विद्यालयका विद्यार्थी सामान्य सञ्चार क्षमतासमेत हासिल गर्न सक्दैनन् । शिक्षामा यस्तो खाडलले सामाजिक तहमा मात्रै होइन, आर्थिक र राजनीतिक असमानता पनि गहिरो बनाएको छ । शिक्षा भनेको समान अवसर सिर्जना गर्ने माध्यम हुनुपर्ने हो । तर, नेपालमा शिक्षा नै असमानताको कारण बन्दै गएको छ ।

शिक्षामा समानताको कुरा गर्दा, राज्यको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । तर विडम्बना, राज्य स्वयंले आफ्नो भूमिकाबाट पन्छिन थालेको देखिन्छ । उदाहरणका लागि, शिक्षक दरबन्दीको समस्या, शिक्षामा बजेट कटौती, शैक्षिक सत्र समयमा नथालिने सरकारी पाठशाला र शिक्षामा संघीय ढाँचाअनुसारको स्पष्ट नीतिको अभावजस्ता समस्याले राज्यको गैरजिम्मेवारीपन झल्काउँछ । कतिपय अवस्थामा शिक्षकको व्यवस्थापनमा समेत स्थानीय तहले पार्टीगत भागबण्डाको आधारमा शिक्षक खटाउने गरेका उदाहरण छन्, जसले शिक्षा राजनीति र शक्तिको खेलमैदान बनेको अनुभूति गराउँछ ।

यसरी शिक्षालाई सेवा नभई व्यापार बनाउने प्रवृत्तिले शिक्षाको मूल उद्देश्य नै हराउँदै गएको छ । शिक्षा भनेको ज्ञान, चेतना, विवेक र मूल्य-मान्यताको विकास हो । यसले व्यक्ति मात्रै होइन, समाज रूपान्तरण गर्ने शक्ति राख्छ । तर, जब शिक्षा नाफाका लागि दिइन्छ, तब त्यसको गुणस्तरभन्दा 'ब्राण्ड', 'फेन्सी' भवन र 'पब्लिसिटी'मा ध्यान




केन्द्रित हुन्छ । यस्तो शिक्षाले क्रिटिकल सोच, वैज्ञानिक दृष्टिकोण र सामाजिक उत्तरदायित्वको भावना होइन, प्रतिस्पर्धा, स्वार्थ र अरूभन्दा माथि पुग्ने मनोवृत्ति मात्रै जन्माउँछ ।

शिक्षा नाफा कमाउने माध्यम बन्नुमा शिक्षण संस्थाहरूको मात्रै दोष छैन । नीति निर्माताहरू, अभिभावक, समाज र विद्यार्थी आफैं पनि यस प्रणालीका सहयात्री भएका छन् । नीतिगत तहमा निजी विद्यालयलाई कर छुट दिने, सरकारी शिक्षकलाई निजी स्कुल पढाउन छुट दिने, सरकारी कोषको खर्चमा निजी शैक्षिक कार्यक्रम सञ्चालन गर्नेजस्ता गतिविधिले शिक्षामा व्यापारीकरणलाई राज्यले नै प्रश्रय दिएको देखिन्छ ।

त्यस्तै, अभिभावकहरू पनि आफ्नो सन्तानलाई 'महँगो स्कुल'मा पढाएर सामाजिक प्रतिष्ठा जोड्ने होडमा छन् । अझ कतिपय विद्यार्थी पनि पढ्नभन्दा ब्राण्डेड स्कुलको स्वाङ देखाउन रुचाउँछन् । यसले शिक्षा प्रणाली नै बाङ्गो दिशामा हिँडिरहेको संकेत गर्छ ।

यो अवस्थाबाट मुक्ति पाउन शिक्षा प्रणालीमा गहिरो संरचनात्मक सुधार आवश्यक छ । राज्यले सार्वजनिक शिक्षालाई नवीकरण गर्नुपर्ने आवश्यकता छ । सरकारी विद्यालयमा गुणस्तरीय शिक्षक, प्रविधिमैत्री शिक्षण, विद्यार्थी-मैत्री वातावरण र नियमित अनुगमनको व्यवस्था हुनुपर्छ । निजी क्षेत्रलाई नियन्त्रणमा ल्याएर सामाजिक उत्तरदायित्व निर्वाह गर्न बाध्य पार्नुपर्छ । त्यसका लागि नीति निर्माणमा व्यापारी होइन, शिक्षाविद्को आवाज बलियो हुनुपर्छ ।

शिक्षा क्षेत्रमा समान अवसर र पहुँचको सिद्धान्त कार्यान्वयन गर्नुपर्छ । सबै नागरिकले आफू अनुकूलको गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ, चाहे उनी सहरमा बसुन् या ग्रामीण भेगमा । विद्यालयको सञ्जाल, पाठ्यक्रम र मूल्यांकन प्रणाली यस्तो हुनुपर्छ जसले शिक्षा व्यापार होइन, नागरिक चेतनाको विकास गरुन् ।

शिक्षाको मुल्यांकन नाफा, शुल्कको आधारमा होइन, त्यसले दिएको ज्ञान, मानवीयता र सामाजिक योगदानको आधारमा गर्नुपर्छ । शिक्षकहरूको योग्यता, लगाव र सामाजिक उत्तरदायित्वलाई सम्मान गरिनुपर्छ । पाठ्यक्रममा व्यावसायिक सीप, राष्ट्रियता, सामाजिक

> *आज निजी विद्यालयको बढ्दो व्यापारीकरण, गुणस्तरहीन सरकारी विद्यालय र राजनीतिक हस्तक्षेपले शिक्षा अधिकारबाट टाढा रहन पुगेको छ । अब शिक्षा क्षेत्रमा आमूल परिवर्तनको खाँचो छ । नत्र शिक्षा विभेदको कारक बन्छ, अधिकार होइन...*

उत्तरदायित्व र जीवनोपयोगी विषयहरूलाई प्राथमिकता दिनुपर्छ ।

संविधानले दिएको शिक्षाको मौलिक हकलाई व्यवहारमा लागू गर्न राज्यले स्पष्ट कार्ययोजना बनाउनु आवश्यक छ । शिक्षा बजेट वृद्धिदेखि कानुनी हिसाबले निजी शिक्षाको नियमनसम्म गर्नुपर्ने आवश्यकता छ । 'निजी शिक्षाको नाममा गुणस्तरको खोक्रो प्रचार' बन्द गरिनुपर्छ । विज्ञापनको भ्रममा आम नागरिकलाई महँगो शिक्षामा धकेल्ने प्रवृत्ति निरुत्साहित गरिनुपर्छ । अन्त्यमा, शिक्षा अधिकार हो कि व्यापार भन्ने प्रश्नको उत्तर स्पष्ट छ, शिक्षा अधिकार हो । तर, यस अधिकारलाई संरक्षण गर्ने जिम्मेवारी राज्यको हो । आज निजी विद्यालयको बढ्दो व्यापारीकरण, गुणस्तरहीन सरकारी विद्यालय र राजनीतिक हस्तक्षेपले शिक्षा अधिकारबाट टाढा रहन पुगेको छ । अब शिक्षा क्षेत्रमा आमूल परिवर्तनको खाँचो छ । नत्र शिक्षा विभेदको कारक बन्छ, अधिकार होइन । र, त्यो अवस्थामा न त लोकतन्त्र बलियो हुन्छ, न त समावेशी समाज निर्माण सम्भव हुन्छ । यस्तो समाजमा सम्पन्न र शिक्षित एक थान वर्ग तयार हुन्छ र ठूलो वर्ग ज्ञान, सीप र अवसरबाट वञ्चित भएर शोषित बन्न बाध्य हुन्छ । त्यसैले अब शिक्षालाई व्यापार होइन, नागरिकको अधिकारका रूपमा व्यवहार गर्न आवश्यक छ–व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र जनताले एकैसाथ बुझेको खण्डमा मात्र यो सम्भव छ ।

## इतिहासमा आज

१६ जुलाई २०१९ मा भारतको मुम्बईमा १०० वर्ष पुरानो भवन भत्किँदा कम्तिमा १० जनाको मृत्यु भयो भने सयौं जना घाइते भए ।



१६ जुलाई २००४ मा शिकागोको पहिलो र सबैभन्दा महत्वाकांक्षी २१औं शताब्दीको प्रारम्भिक वास्तुकला परियोजना मानिने मिलेनियम पार्कलाई मेयर रिचर्ड एम. डेलीले जनताका लागि खोलेका थिए ।



१६ जुलाई १९९४ मा धूमकेतु शुमेकर-लेवी ९ बृहस्पतिसँगको प्रत्यक्ष टक्करमा नष्ट भएको थियो ।



१६ जुलाई १९७९ मा इराकी राष्ट्रपति अहमद हसन अल-बकरले राजीनामा दिएपछि सद्दाम हुसेनले उनको ठाउँमा नियुक्त भएका थिए ।



# स्थानीय सरकारको दायित्व

**विचार**



● रूपा अर्याल

> *जनताको नजिक रहेको सरकार जनताको सेवा र प्रतिनिधित्वमा असफल हुँदा लोकतन्त्र कमजोर हुन्छ । त्यसैले स्थानीय सरकार संविधान, कानुन र जनअपेक्षाअनुरूप उत्तरदायी बनेर अघि बढ्नु अहिलेको आवश्यकता हो...*

नेपालको संघीय संरचनाले देशलाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ । यसमा स्थानीय सरकारलाई जनताको छेउमै रहेका कारणले विशेष जिम्मेवारी र अधिकार दिइएको छ । गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका– यी सबै स्थानीय तहअन्तर्गत पर्छन्, जसले संविधानतः विकेन्द्रीकरणको मर्मअनुसार शासन प्रणालीको अभ्यास गर्छन् । स्थानीय सरकार जनताका लागि सबैभन्दा नजिकको राज्य प्रतिनिधि भएकाले यसको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ ।

स्थानीय सरकारले जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका सेवा, सुविधा र समग्र विकासका कार्यहरू सञ्चालन गर्छ । यसले आधारभूत सेवा प्रवाह–जस्तै : स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, सडक, कृषि सेवा, नागरिकता सिफारिस, जन्म-मृत्यु दर्ताजस्ता सेवाहरूमा पहुँच पुऱ्याउँछ । यी सेवा जनताको दैनिकीमा प्रत्यक्ष असर पार्ने खालका भएकाले स्थानीय सरकारको दायित्व विश्वसनीय र प्रभावकारी ढंगले पूरा हुनु अनिवार्य हुन्छ ।

एक स्थानीय सरकारको पहिलो दायित्व भनेको नागरिक सेवा प्रवाहलाई सहज बनाउनु हो । सेवा लिन आउने नागरिकलाई अपहेलित होइन, स-सम्मान व्यवहार गरिनु पर्दछ । उनीहरूको समस्या समाधानमा प्राथमिकता दिइनु पर्छ । सेवा प्रवाह प्रणाली सूचना प्रविधिमैत्री, पारदर्शी, उत्तरदायी र छिटोछरितो हुनुपर्छ । यति हुँदा मात्र स्थानीय तहप्रति जनताको विश्वास बढ्छ ।

स्थानीय विकास योजना निर्माण र कार्यान्वयन पनि स्थानीय सरकारकै मूल दायित्व हो । यसले आफ्ना भौगोलिक क्षेत्रका आवश्यकता र सम्भावनालाई मूल्यांकन गर्दै विकास योजना बनाउँछ । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, रोजगार सिर्जना लगायत क्षेत्रमा स्थानीय विशेषतालाई ध्यानमा राख्दै दीर्घकालीन र छोटो अवधिका योजना बनाउनु र त्यसको कार्यान्वयनमा जनसहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । योजना बनाउने क्रममा वडास्तरदेखि जनप्रतिनिधि र नागरिकबीच सहकार्य, छलफल र सहभागिता सुनिश्चित गर्नु जिम्मेवार शासनको सूचक हो ।

सामाजिक न्याय र समावेशीताको प्रवर्द्धन पनि स्थानीय सरकारको मूल दायित्व हो । स्थानीय तहले हरेक जात, लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र विशेष आवश्यकतायुक्त नागरिकलाई सम्मानजनक जीवनयापनका अवसरहरू उपलब्ध गराउनु पर्छ । विपन्न, महिला, दलित, अपाङ्गता भएका, सीमान्तकृत वर्गका व्यक्तिहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ, जसले उनीहरूलाई सशक्त र आत्मनिर्भर बनाउँछ । बजेटको न्यूनतम प्रतिशत सामाजिक क्षेत्रमा छुट्याइनु, विकास योजनामा उनीहरूको सहभागिता सुनिश्चित गरिनु, रोजगारका अवसर उनीहरूकै क्षेत्रमा सिर्जना गरिनु आवश्यक हुन्छ ।

अर्को महत्वपूर्ण दायित्व भनेको सुशासनको अभ्यास गर्नु हो । स्थानीय सरकार पारदर्शी, जवाफदेही र सहभागितामूलक शासन प्रणालीको आदर्श नमूना बन्नुपर्छ । बजेट पारदर्शिता, निर्णय प्रक्रिया सार्वजनिक, योजना निर्माणमा नागरिक सहभागिता, सामाजिक परीक्षण र अनुगमन प्रणालीको प्रभावकारी कार्यान्वयन अनिवार्य छ । भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सम्पत्तिको संरक्षण, अनियमितता र ढिलासुस्ती हटाउने पहलले जनतामा आशा र विश्वास बढाउँछ ।

स्थानीय सरकारको अर्को दायित्व भनेको विपद् व्यवस्थापन र वातावरण संरक्षण हो । स्थानिय सरकारलाई प्राकृतिक विपद् जस्तै : बाढी, पहिरो, डुबान, आगलागी आदिबाट नागरिकलाई जोगाउने पूर्वतयारी गर्नुपर्ने हुन्छ । सुरक्षित आवास, द्रुत उद्दार, राहत वितरण, सुरक्षित संरचना निर्माण, विपद् पूर्वसूचना प्रणाली, वातावरणमैत्री विकास जस्ता कुरामा विशेष ध्यान दिनुपर्छ । साथै, स्थानीय जैविक विविधता, जलस्रोत, वन क्षेत्र, जनावर, जमिन र वातावरण संरक्षणमा जनचेतना फैलाउने र वातावरणीय प्रभाव मूल्यांकनसहित योजना लागू गर्नु महत्वपूर्ण हुन्छ ।

स्थानीय सरकारले शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्ने कार्य पनि गर्नुपर्छ । विवाद समाधान, स्थानीय तहमा कानुनी प्रक्रिया सहज बनाउने, मिलापत्र प्रक्रिया प्रवर्द्धन गर्ने, समुदाय प्रहरी सहकार्यजस्ता संयन्त्र प्रभावकारी बनाउने जिम्मेवारी पनि स्थानीय तहकै हो । यसले नागरिकलाई सुरक्षित वातावरणमा बसोबास गर्न सक्ने सुनिश्चितता दिन्छ ।

नागरिक सचेतना अभिवृद्धि र समग्र स्थानीय सशक्तिकरणको अग्रपंक्तिमा उभिनुपर्ने संस्थाको रूपमा स्थानीय सरकारले आफ्नो भूमिकालाई अझ परिस्कृत गर्नुपर्छ । नागरिकको मतबाट चुनिएका जनप्रतिनिधिहरूले आफ्ना वाचा र प्रतिबद्धता निभाउँदै सेवा र विकासमा समानता, इमानदारी, पारदर्शिता र न्याय देखाउनुपर्छ । जनताको नजिक रहेको सरकार जनताको सेवा र प्रतिनिधित्वमा असफल हुँदा लोकतन्त्र कमजोर हुन्छ । त्यसैले स्थानीय सरकार संविधान, कानुन र जनअपेक्षाअनुरूप उत्तरदायी बनेर अघि बढ्नु अहिलेको आवश्यकता हो ।

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

अति नै लापरवाह भयो विद्युत प्राधिकरणको । सहर त भन्नु मात्रै रहेछ, त्यै पनि अझै सहर सुदृढीकरण गर्ने रे ! बिना बत्ती अहिलेको जमानामा कहीँ केही हुन्छ त ? बालाजु वितरण केन्द्रभित्र मात्रै हो कि अन्यत्र पनि यस्तै हो, अनगिन्ती जतिसुकै बेला झ्याप झ्याप । कारण के रहेछ ?



**डम्बर खतिवडा**

गोकुल बाँस्कोटा, टोप बहादुर रायमाझी, रामबहादुर थापा, वालकृष्ण खाँड, मोहन बहादुर बस्नेत, राजकुमार गुप्ता, बलराम अधिकारी आदि चुहे छिरेका घटना हुन् । पर्दाभित्र यो नै कथित तीन दलीय राज्य र सिन्डिकेटको मूल चरित्र हो । देशको आजको मूल समस्या नै संस्थागत भ्रष्टाचार हो र यो कथित शीर्ष-सेटिङमा छ ।



**भीम रावल**

